पूर्वेली जनसञ्चार सहकारी संस्था लि. विराटनगरद्वारा प्रकाशित
www.hamromat.com www.facebook.com/hamromat2/ www.facebook.com/hamromat1/




# हाम्रोमत
राष्ट्रिय दैनिक

**सूचना**
प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा सुचिकृत **जनविद्रोह दैनिक**को परिवर्तित रुप **हाम्रोमत दैनिक** तपाईंकोमा नियमित आइरहेको छ ? हामीलाई कुनै सुझाव, गुनासो, सूचना, विज्ञापन भएमा वा ग्राहक बन्नलाई सम्पर्क गर्नुहोस् ।
हाम्रोमत दैनिक
विराटनगर-९, ट्राफिक चौक
फोन: ०२१-५१२७९० (ग्राहक सेवा: ९८४२०३१२२८)
hamromat@gmail.com | www.hamromat.com

वर्ष १८, अंक : २२२ | २०७८ फागुन ५ गते बिहीबार | 2022 February 17 Thursday | Hamromat National Daily | मूल्य रु. ५




विराटनगर महानगरपालिकाले वडा नम्बर ३ र ४ जोड्ने गरी कञ्चनबारी चोकमा निर्माणाधीन आकासेपुलको प्रगति अवलोकन तथा निरीक्षण गर्दै महानगर प्रमुख भीम पराजुली । विवादका कारण लामो समयदेखि रोकिएको निर्माण कार्य उच्च अदालतको आदेशपछि अगाडि बढेको छ । आकाशेपुल निर्माणस्थलमाा छ लेन सडक परियोजनाले नालामा राखेको ह्युम पाइपका कारण पानी निकासमा देखिएको समस्या समाधानका लागि त्यस ठाउँमा आरसीसी नाला बनाउने गरी योजना भेरिएसन गरिने प्रमुख पराजुलीले बताए । उनले अदालतको आदेशपछि आकासेपुल निर्माणमा देखिएको समस्या अब समाधान भएको उल्लेख गरे । *तस्बिर : गोकुल पराजुली/हाम्रोमत*

## नोबेल मेडिकल कलेजले धम्की दिएको विद्यार्थीको गुनासो

# अन्यत्र सरुवा गरिदिन माग



◆ हाम्रोमत संवाददाता

*विराटनगर, ४ फागुन*

नोवेल मेडिकल कलेज विराटनगर प्रशासनले आफूहरुलाई निरन्तर धम्की दिइरहेको भन्दै एमबीबीएस प्रथम वर्षका १४ जना विद्यार्थीले सुरक्षित ठाउँमा सरुवा गरेर पढ्ने व्यवस्था मिलाइदिन माग गरेका छन् ।

नोवेल मेडिकल कलेज विराटनगरमा आफूहरुको जीवन नै असुरक्षित रहेको बताउँदै विद्यार्थीले सुरक्षित स्थानमा सरुवा गरेर पढ्ने व्यवस्था मिलाइदिन माग गरेका हुन् ।

नोवेल व्यवस्थापनले व्यक्तिगत रुपमा आफूहरुलाई र अभिभावकसमेतलाई पटक-पटक धम्क्याएको आरोप लगाउँदै ती विद्यार्थीले सुरक्षित ठाउँमा पढ्ने प्रबन्ध गरिदिन चिकित्सा शिक्षा आयोग र सरकार गुहारेका हुन् । उनीहरुले यस्तो मागसहितको निवेदन माघ ७ गते नै शिक्षा मन्त्रालयमा बुझाएका थिए । असुरक्षाको भयले नाम उल्लेख नगरी दिएको निवेदनमा शिक्षा मन्त्रालयले कुनै सुनवाई नगरेपछि विद्यार्थीहरुले माघ १७ गते शिक्षा मन्त्रालयमा नाम उल्लेख गरेरै निवेदन दिएका छन् ।

उनीहरुले चिकित्सा शिक्षा आयोगमा पनि निवेदन दिएकोमा एक महिना हुनलाग्दा पनि सुनुवाई नभएको गुनासो गरेका छन् । 'नोवेलमा बसेर पढ्न नसक्ने अवस्थामा हामी पुगेका छौं,' एमबीबीएस प्रथम वर्षका विद्यार्थी अमृत रिजालले भने 'हामीलाई व्यक्तिगत रुपमा शैक्षिक र भौतिक थ्रेट आएको छ । त्यसैले सुरक्षित स्थानमा पढ्ने व्यवस्था मिलाइदिन आग्रह गरेका हौं ।'

चिकित्सा शिक्षा आयोग, शिक्षा मन्त्रालय र प्रधानमन्त्री कार्यालयले निवेदनको सुनुवाई नगर्दा आफूहरुको शैक्षिक यात्रा नै डामाडोल अवस्थामा पुगेको विद्यार्थीहरुको भनाइ छ । 'हामी काठमाडौंमा बसेर विभिन्न निकायमा डुलेको डुल्यै भयौं । उता कलेजमा भने कक्षा चलेको चल्यै छ,' रिजालले थपे, 'हामीले अहिलेसम्म कक्षा लिन पाएका छैनौं । यसको भर्पाइ कसरी हुन्छ ? हामी नोवेलमा पढ्नै नसक्ने अवस्थामा छौं ।'

नोवेल कलेजले चिकित्सा शिक्षा आयोगले निर्धारण गरेकोभन्दा बढी शुल्क असुल्न खोजेपछि एमबीबीएस प्रथम वर्षका विद्यार्थी मंसिरदेखि आन्दोलनमा होमिएका थिए ।

बाँकी ३ पेजमा

# 'शान्ति कायम गर्न मन्त्री बढायौं'



◆ हाम्रोमत संवाददाता

*विराटनगर, ४ फागुन*

प्रदेश १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले राजनीतिक र व्यवहारिक कारणले प्रदेश सरकारको मन्त्रीमण्डल विस्तार र मन्त्रालय विभाजन गरेको स्पष्टीकरण दिएका छन् ।

समाजवादी प्रेस संगठन नेपाल प्रदेश १ को विराटनगरमा आज आयोजित पहिलो भेलालाई सम्बोधन गर्दै राईले यस्तो बताएका हुन् । उनले आफ्नो पार्टीमा र गठबन्धनमा शान्ति स्थापना नभई काम अगाडि बढाउन पनि सरकारले नसक्ने बताए ।

'राजनीतिक हिसावले सही व्यवस्थापन नहुँदा विगतमा १२/१५ वर्ष देश युद्धमा गएको होइन ?,' उनले भने, 'अहिले त झन् आफ्नो पार्टीमा र गठबन्धनमै शान्ति स्थापना नगरी कसरी काम अगाडि बढाउन सकिन्छ ? ।'

राईले राजनीतिक आवश्यकतालाई सम्बोधन गर्न नसकेर केही संख्या नबढाएको भए अहिलेसम्म पनि मन्त्रीमण्डल विस्तार हुन नसक्ने अवस्था रहेको स्मरण गराए । 'राजनीतिक आवश्यकतालाई सम्बोधन नगरेर केही मन्त्रीको संख्या नबढाएको भए अहिलेसम्म पनि मन्त्रीमण्डल विस्तार हुने थिएन ।

बाँकी ३ पेजमा

## ट्रायल परीक्षामा परीक्षार्थीकै सवारी साधन प्रयोग खुला

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ४ फागुन*

सवारी चालक अनुमतिपत्र (लाइसेन्स) का लागि प्रयोगात्मक (ट्रायल) परिक्षामा सहभागी परीक्षार्थीले आफ्नै सवारी साधन प्रयोग गर्न पाउने व्यवस्थालाई खुला गरिएको छ ।

यातायात व्यवस्था सेवा कार्यालय, धनकुटा र उदयपुरले मंगलबार एक सूचना जारी गर्दै प्रयोगात्मक परीक्षामा परीक्षार्थीले आफ्नै सवारी साधन प्रयोग गर्न पाउने जानकारी गराएको हो ।

सेवा कार्यालयले आगामी फागुन ५ गतेदेखि हुने परीक्षामा आफ्नै सवारी साधन प्रयोग गर्नसक्ने व्यवस्था गरेको हो । परीक्षार्थीको सवारी साधन कानुन बमोजिम मान्यता पाएको हुनुपर्ने सूचनामा उल्लेख छ ।

सूचनामा भनिएको छ 'परीक्षार्थीको ब्लुबुक नविकरण भएको हुनुपर्ने, सवारी साधानको तेश्रो पक्ष बीमा अनिवार्य गरेको हुनपर्ने ,ट्राइल दिन आउँदा स.चा.अ.प. (लाइसेन्स) भएको व्यक्तिसँग आएको हुनुपर्ने र सवारी साधन सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ ले निर्दिष्ट गरेको मापदण्डबमोजिम भएको हुनपर्ने छ ।'

अघिल्लो सरकारले परिक्षार्थीले ट्रायल सेन्टरकै सवारी प्रयोग गर्नुपर्ने बाध्यकारी नियम रहेकोमा मुख्यमन्त्री राजेन्द्रकुमार राईको निर्देशनपछि ट्रायल दिनेले परीक्षामा आफ्नै सवारी साधन प्रयोग गर्न पाउने भएका हुन् । मुख्यमन्त्री राईले प्रदेशका सबै यातायात व्यवस्था सेवा कार्यालयका प्रमुखहरु बोलाएर दिएको निर्देशन कार्यान्वयन भएको हो ।

सवारी साधनको लाइसेन्स प्रक्रियामा धेरै चलखेल हुने गरेको रिपोर्टिङ आएपछि मुख्यमन्त्री राईले सबै कार्यलय प्रमुखलाई बोलाई सेवा प्रभावकारी बनाउन निर्देशन दिएका थिए ।

बाँकी ३ पेजमा

*सामूहिक बलात्कार प्रकरण*

# तीन अभियुक्तविरुद्ध मुद्दा दायर

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ४ फागुन*



मोरङमा एक महिलामाथि भएको सामूहिक बलात्कारको घटनामा पक्राउ परेका तीन जना प्रतिवादीविरुद्ध मुद्दा दर्ता भएको छ ।

बेलबारी घर भएकी महिलालाई सामूहिक बलत्कार गरेको आरोपमा सुन्दरहरैँचा नगरपालिका-४ का ३५ वर्षीय अर्जुन भनिने हिमकुमार श्रेष्ठ, उनका भाइ २५ वर्षीय सुरज र झापाको मेचीनगर नगरपालिका-३ का २७ वर्षीय रामबहादुर नेपाली भनिने सुधान्सु दर्जी विरुद्ध ' जवरजस्ती करणी' मुद्दा दर्ता भएको हो ।

बुधबार मोरङ अदालतमा उनीहरुको विरुद्ध अभियोगपत्र दर्ता भएको छ । इलाका प्रहरी कार्यालय बेलबारीले अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालय मोरङमा बुझाएपछि सरकारी वकिलको कार्यालयले अभियोग दर्ता गरेको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले जानकारी दिए ।

प्रतिवादीहरुको अदालतमा बयान सकिएपछि बिहीबार थनेछक बहस हुनेछ । गत माघ ७ गते मोरङको सुन्दरहरैँचा नगरपालिकास्थित बलियाको श्रेष्ठ होटल एन्ड फेमिली लजमा एक महिलामाथि तीन जनाले पालैपालो बलात्कार गरेको आरोप छ । रातभर होटलमा राखेर उनीहरुले ती महिलालाई बलात्कार गरेको घटना सार्वजनिक भएको थियो । सुनसरीको इटहरीबाट बहिनीको घर फर्कंदै गरेकी महिलालाई नियन्त्रणमा लिएर होटल पुर्‍याउँदै रातभर कोठामा बन्धक बनाएर उनीहरुले सामूहिक बलात्कार गरेको आरोप छ । बहिनीको घर जाने बाटो बिर्सिएपछि सोधीखोजी गर्ने क्रममा गछिया नजिकबाट प्रदेश २-०१-००१ च २२७ नम्बरको गाडीमा राखेर उनीहरुले महिलालाई होटल पुर्‍याएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठले बताए ।

पीडित महिलाको सुरुवाती उपचार कोसी अस्पतालमा गरिएको थियो । माइती नेपालको संरक्षणमा रहेकी उनको उपचार अहिले पनि जारी छ । बलात्कारमा संलग्नले यौनअंग क्षतविक्षत बनाइदिँदा अत्यधिक रक्तश्राव भएर महिलाको अवस्था गम्भीर बनेको खुलेको थियो ।

होटल सञ्चालक अर्जुन मानव बेचबिखन मुद्दाका फरार प्रतिवादी हुन् । उनीविरुद्धको मुद्दा सुनसरी अदातलमा विचाराधीन छ । फरार भनिएका अर्जुनले भने बूढी खोलाबाट डेढ किलोमिटरपूर्व बलियामा होटल सञ्चालन गर्दै आएका थिए ।

# सहकारी हिनामिना आरोपमा दुई कर्मचारी पक्राउ

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ४ फागुन*

सहकारीको रकम हिनामिना गरेको आरोपमा प्रहरीले मोरङको धनपालथान गाउँपालिकास्थित नमूना सहकारीका दुई जना कर्मचारीलाई पक्राउ गरेको छ । सहकारीको एक करोड ९० लाख रुपैयाँ भन्दा बढी हिनामिना गरेको आरोपमा प्रहरीले मोरङ धनपालथान ४ कर्सियास्थित सहकारीका दुई कर्मचारीलाई पक्राउ गरेको हो ।

प्रहरीले सहकारीका लेखापाल धनपालथान-४ का ६० वर्षे सविलाल राजवंशी र सह-लेखापाल धनपालथान-६ का ५५ वर्षे राजकुमार राजवंशीलाई पक्राउ गरेको जनाएको छ ।

सहकारीले दिएको किटानी जाहेरीका आधारमा दुवै जनालाई पक्राउ गरिएको मोरङ प्रहरीका प्रवक्ता डिएसपी दीपक श्रेष्ठले जानकारी दिए । दुवै जनाविरुद्ध प्रहरीले सहकारी ठगीका विषयमा अनुसन्धान गर्न मोरङ जिल्ला अदालतबाट म्याद थप गरिसकेको छ ।

बाँकी ३ पेजमा







